प्रति साधारण शेयर रु.१००/– अंकित दरका ७०,००,००० कित्ता शेयर मध्ये ३,५०,००० कित्ता अर्थात ५% शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँट गरिएको तथा २,१०,००० कित्ता अर्थात ३% शेयर कर्मचारीहरुको लागि सुरक्षित गरी बाँकी रहने ६४,४०,००० कित्ता साधारण शेयरको सार्वजनिक निष्काशन ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता : १० शेयर

दरखास्त दिनपाउने अधिकतम कित्ता : १०,५०,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "यस साहस उर्जा लिमिटेडलाई मिति २०७७/०६/२१ मा "समयमा वित्तीय दायित्व पुरा गर्न चुक्न सक्ने सम्बन्धमा मध्यम जोखिम रहने [ICRANP -IR] BB+ (Pronounced as ICRANP Issuer Rating Double B Plus)" प्रदान गरेको छ । उक्त रेटिङ्गको अवधि जारी मितिबाट एक वर्ष अर्थात २०७८/०६/२० सम्म रहनेछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतिलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] BB+ को स्थिती [ICRANP -IR] BB भन्दा एक चिन्ह माथि रहन्छ ।

साहस उर्जा लिमिटेड
Sahas Urja Limited

SAHAS URJA

हात्तिसार, काठमाण्डौ-१, नेपाल, फोन नं. ०१-४४१९१८२, ४४१९१८३, ४४२२७५६
इमेलः surja@sahasurja.com वेभसाइटः www.sahasurja.com

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला हुने मिति	:	२०७८/०६/०६ गते
निष्काशन बन्द हुने छिटोमा मिति	:	२०७८/०६/१० गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने ढिलोमा मिति	:	२०७८/०६/२० गते (बैंकिङ्ग समय पश्चात्)

आह्वान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो ।

प्रति मेगावाट लागत सम्बन्धी विवरण:
संगठित संस्थाद्वारा प्रवर्द्धित आयोजनाको निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रू.१३,७९,०७,०००/– (अक्षेरेपी तेह्र करोड उनासी लाख सात हजार मात्र अनुमान गरिएको छ ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:
इजाजतपत्र वहाल रहने अवधि मिति २०७१/०६/०२ देखि २१०६/०६/०१ सम्म रहेकोले २९ वर्ष बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:
साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.०२ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १०.१३ वर्ष रहेको छ ।

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक (समष्टिकृत)			*अपरिष्कृत	प्रक्षेपित		
	आ.व.०७४/७५	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
प्रति शेयर (नेटवर्थ) रु.	४५.८२	४५.७४	१३५.११	१४७.४३	१६४.५६	१६४.७७	१६४.७१
प्रति शेयर आम्दानी (रु.)	(०.१०)	(०.०५)	३५.३१	२२.४२	२१.८७	२६.०२	२८.२८
संचित नाफा नोक्सान (रु. हजारमा)	(४,२६५)	(१०,६१६)	८,४४,४५३	१,४०१,६३१	२२,४४,३२३	२४,३६,४५३	२६,३४,४०६

*नोटः *आ.व. २०७७/७८ आषाढ मसान्तको साहस उर्जा कम्पनी लिमिटेडको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको अपरिष्कृत वित्तीय विवरण ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७८/०४/१४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७८/०४/१८ ।

१. कम्पनीको नाम : साहस उर्जा लिमिटेड (Sahas Urja Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :
यस साहस उर्जा लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत साहस उर्जा प्राईभेट लिमिटेडको नामबाट मिति २०७०/१०/१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७१/०५/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा साहस उर्जा लिमिटेडको नामबाट दर्ता भएको कम्पनी हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.१, हात्तिसारमा रहेको छ । आवश्यकतानुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालय खोल्न सकिनेछ ।

४. कारोबार गर्ने मुख्य स्थान (जलविद्युत केन्द्र) :
यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १, हात्तिसारमा र आयोजनास्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पुर्वाधारहरु सोलुदुधकुण्ड नगरपालिका र थुलुङ्ग दुधकोशी गाउँपालिका, सोलुखुम्बु जिल्लामा अवस्थित रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले साहस उर्जा प्राईभेट लिमिटेडको नामबाट मिति २०७०/१०/१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०७१/०५/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार प्रा.लि.बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा साहस उर्जा लिमिटेडको नामबाट दर्ता अभिलेख भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(२) कम्पनीमा हाल ८०८७ जना संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ७० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत सोलुखुम्बु जिल्लाका वासिन्दा र २० प्रतिशत सर्वसाधारण, कम्पनीमा कार्यरत कर्मचारी र अन्य शेयरधनीहरुको लागि छुट्टाई बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

(३) संगठित संस्थाले कूल ८६ मेगावाट क्षमताको सोलुखोला (दुधकोशी) जलविद्युत आयोजनाको विकास निर्माण गरिरहेको छ । उक्त आयोजनाको प्रमुख पानीको स्रोत सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका र थुलुङ्गदुधकोशी गाउँपालिका लगायतका गाउँपालिकाहरुमा अवस्थित सोलु खोलाको पानी रहेको छ ।

(४) विद्युत विकास विभाग मार्फत नेपाल सरकार, ऊर्जा मन्त्रालयले सोलु खोला (दुधकोशी) जलविद्युत आयोजना (८६ मेगावाट) बाट विद्युत उत्पादनको लागि विद्युत उत्पादन अनुमतिपत्र मिति २०७१/०६/०२ मा संगठित संस्थालाई प्रदान गरिएको छ । विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने अवधि मिति २०७१/०६/०२ देखि २१०६/०६/०१ सम्म रहेको छ ।

(५) सोलुखुम्बु जिल्लामा निर्माणाधीन ८६ मेगावाट क्षमताको सोलु खोला (दुधकोशी) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति विद्युत गृहको बाहिरपट्टी रहने स्वीचवार्डमा ३ X ३६००० के.भि.ए. क्षमताको १३२/११ के.भि.को ट्रान्सफर्मर हुदै प्रस्तावित १२ कि.मि. लामो १३२ के.भि. प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको निर्माणाधीन लमाने सब–स्टेशन (तिङ्ला) मा जोडी राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिनेछ ।

(६) संगठित संस्थाको सोलु खोला (दुधकोशी) जलविद्युत आयोजना (८६ मेगावाट) बाट उत्पादन हुने विद्युत खरीद बिक्रीको लागि नेपाल विद्युत प्राधिकरणसंग मिति २०७१/११/१३ मा सम्झौता भएको छ । उक्त सम्झौताको समय अवधि व्यापारिक उत्पादन शुरु हुने मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्रको अवधिमध्यें जुन घटी छ सो समयसम्म कायम रहनेछ ।

(७) संगठित संस्थाको सोलु खोला (दुधकोशी) जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

परियोजनाको नाम	:	सोलु खोला (दुधकोशी) जलविद्युत आयोजना
श्रोत नदी	:	सोलु खोलाको पानी
आयोजनाको किसिम	:	रन अफ रिभर
आयोजना स्थल	:	सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका र थुलुङ्गदुधकोशी गाउँपालिका
विद्युत उत्पादन अनुमतिपत्र प्राप्त मिति	:	२०७१/०६/०२
विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति र अवधि	:	२१०६/०६/०१ (२९ वर्ष)
विद्युत उत्पादन हुने सम्भावित मिति	:	२०७९/०२/२० (कम्पनीले तयार पारेको तालिका बमोजिम)
जडित क्षमता	:	८६ मेगावाट
आयोजनाको कुल लागत	:	रु.११,८६,०१,१३,००० (निर्माण अवधिको ब्याज सहित)
आयोजनाको प्रति मेगावाट लागत	:	रु.१३,७९,०७,००० (निर्माण अवधिको ब्याज सहित)
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	:	८.०२ वर्ष
आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि	:	१०.१३ वर्ष
विद्युत खरिद बिक्री सम्झौता भएको मिति	:	२०७१/११/१३
Net Present Value (NPV)	:	रु.७,८०,३६,७०,०००
Internal Rate of return (IRR)	:	१६.८१%

*NPV, IRR तथा लगानी फिर्ता हुने अवधि गणना गर्दा Cash Flow Basis बिधि अनुरुप गणना गरिएको छ ।

आयोजना सम्बन्धी विस्तृत विवरणः

(क) *बाँध (Weir), इन्टेक (Intake) र ग्राभल ट्र्याप (Gravel Trap) :* सोलुखोला (दुधकोशी) जलविद्युत आयोजनाको सम्पूर्ण संरचनाहरु सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका र थुलुङ्गदुधकोशी गाउँपालिकामा पर्दछन् । आयोजनाको बाँध क्षेत्र (Crest Elevation 1262.00 masl) सोलु खोलाको दायाँ तथा बायाँ किनार अर्वोस्थत क्रमशः सोलुदुधकुण्ड नगरपालिका र थुलुङ्गदुधकोशी गाउँपालिकामा पर्दछन् । सोलुखोलामा ३१.८ मि. र Foundation Level बाट १३.५ मि.उचाई भएको पानी फर्काउने बाँध मार्फत नदीको पानीलाई ३ वटा Orifice भएको Side Intake (४ मि. X २.३ मि.) बाट १७.०५ घनमिटर प्रति सेकेण्ड सम्मको बहावको पानीलाई ५.० मि. X ५.० मि. साईजको Gravel Trap मा पुऱ्याइनेछ ।

(ख) *अप्रोच कल्भर्ट (Approach Culvert), बालुवा थिग्राउने पोखरी (Settling Basin), (Headrace Culvert), मुख्य सुरुङ्ग (Headrace Tunnel) र सर्ज सुरुङ्ग (Surge Tunnel) :* यसरी Gravel Trap बाट आएको पानीलाई २.६ मि. चौडा र २.६ मि. उचाई भएको Approach Culvert (Free Flow Box Culvert) हुदै ८५ मि. लामो, ९ मि. चौडा र ५ मि. उचाई भएको ३ चेम्बरको बालुवा थिग्राउने पोखरी (Surface Settling Basin) मा पुऱ्याइछ । बालुवा थिग्राउने पोखरीमा जम्मा भएको पानीलाई ३४.५० मि. लामो, ४.५ मि. चौडा र ४.५ मि. उचाई भएका Headrace Culvert हुदै ४ मि. चौडा, ४.२५ मि. उचाई भएको Inverted D Shape को ४४६९ मि. लामो मुख्य सुरुङ्ग (Headrace Tunnel) मार्फत थुलुङ्गदुधकोशी गाउँपालिकामा बनाइने ४ मि. व्यास र ४५७ मि. लामो, सर्ज सुरुङ्ग (Surge Tunnel) मा ल्याइनेछ ।

(ग) *पेनस्टक पाइप (Penstock Pipe) :* मुख्य सुरुङ्ग (Headrace Tunnel) र सर्ज सुरुङ्ग (Surge Tunnel) को अन्त्यपछि Penstock Tunnel सुरु हुन्छ । Penstock Tunnel मा ३ वटा inclined section र २ वटा ठाडो सुरुङ्ग पर्छ, जसको लम्बाई १८६४ मि. छ । पेनस्टक पाइप २.१ मि. देखि २.५ मि. सम्मको भित्रि व्यास भएको पाइपले पानीलाई पावर हाउसमम पुऱ्याउछ । जम्मा ६१३.२ मि. ग्रस हेड (Gross Head) प्राप्त गरी दुधकोशी नदीको दायाँ किनार अर्थात थुलुङ्गदुधकोशी गाउँपालिकाको मैकुवेसीमा बनाइने विद्युत गृह (Surface Powerhouse) मा खसालिनेछ ।

(घ) *विद्युतगृह (Surface Powerhouse) तथा स्विचयार्ड (Switchyard) :* विद्युतगृह (४९ मि.लम्बाई, १५.२५ मि. चौडाई र २८ मि. उचाई भएको) मा ३ वटा टर्बाइन (Vertical Axis Pelton Turbine) मा खसाली त्यसैगी जोडिने ९७% efficiency भएका, ५० हर्ज फ्रिक्वेन्सी (Hz frequency), ११ किलो भोल्ट (kV), ३ फेज (phase) का तीनवटा Synchronous जेनेरेटरहरुद्वारा ८६,००० किलोवाट (kw), विद्युत उत्पादन गरिनेछ । विद्युत गृहको बाहिर पट्टि रहने स्विचयार्डमा ३ वटा, ३४,६०० के.भि.ए (kVA), क्षमताको ११/१३२ के.भि. (kV) को Transformer रहनेछ ।

(ङ) *प्रशारण लाईन (Transmission Line) :* यसरी उत्पादित विद्युतीय उर्जालाई प्रस्तावित १२ कि.मि. लामो, १३२ के.भि. (kV) Double Circuit प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको सोलु दुधकुण्ड नगरपालिकामा निर्माणधीन लमाने सबस्टेशन मार्फत सोलु कोरिडोर हुँदै प्रशारण प्रणालीमा समाहित गरिनेछ ।

साथै, परियोजनाको प्रशारण लाइनको कार्य गर्नका निमित्त गौरा कन्स्ट्रक्सन प्रा.लि. संग ठेक्का सम्झौता भई ठेकेदार आयोजना स्थलमा परिचालन भइसकेको छ । उक्त ठेकेदारले परियोजनाको टावर लगायतका सम्पूर्ण डिजाइनको कार्य सम्पन्न गरी भारतमा टावर फ्याब्रिकेशनको कार्य अघि बढाइसकेको छ । साथै परियोजनाको प्रशारण लाइनका लागि आवश्यक जग्गा खरिदको कार्य अन्तिम चरणमा रहेको छ भने सरकारी जग्गा भोगचलन तथा रुख कटान सम्बन्धित निकायबाट स्वीकृतिको प्रक्रियामा रहेको छ ।

(च) *टेलरेस कल्भर्ट (Tailrace Culvert) :* यसरी विद्युतगृहबाट निस्केको पानीलाई ७० मि. लामो ५.४ मि. चौडा र २.२ मि. उचाईको बक्स कल्भर्ट (Box Culvert) किसिमको नहर (Tailrace Canal) मार्फत दुधकोशी नदीमा मिसाइने छ । सामान्य Tail Water Level EL.642.0 masl रहने छ ।

(छ) *आयोजनाको प्रगति विवरण (मितिः आषाढ ५५, २०७८)*

सि.नं.	कामको विवरण	सम्पन्न प्रगति
१.	**सिभिल संरचना**	
	हेडवर्क्स (Headworks)	९३%
	मुख्य सुरुङ (Headrace Tunnel)	७८%
	सर्ज सुरुङ (Surge Tunnel)	९४%
	पेनस्टक सुरुङ (Inclined Penstock Tunnel)	९५%
	ठाडो सुरुङ (Vertical Shaft)	७०%
	विद्युतगृह (Powerhouse)	७५%
२.	हाइड्रो मेकानिकलको काम	५५%
३.	इलेक्ट्रो मेकानिकलको काम	३०%
४.	प्रशारण लाईनको काम	१५%
	कुल सम्पन्न	**७२%**

सोलु खोला (दुधकोशी) जलविद्युत आयोजनाबाट उत्पादत हुने विद्युत खरीद बिक्रीको लागि संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरीद–बिक्री सम्झौताका मुख्य–मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :

(१) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंकलाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुनेगरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यबृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) हुन कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु.प्रति युनिट)
पहिलो महिनादेखि १२ औं महिनासम्म	८।४०	४।८०
१३ औं महिनादेखि २४ औं महिनासम्म	८।६५	४।९४
२५ औं महिनादेखि ३६ औं महिनासम्म	८।९०	५।०९
३७ औं महिनादेखि ४८ औं महिनासम्म	९।१६	५।२३
४९ औं महिनादेखि ६० औं महिनासम्म	९।४१	५।३८
६१ औं महिनादेखि ७२ औं महिनासम्म	९।६६	५।५२
७३ औं महिनादेखि ८४ औं महिनासम्म	९।९१	५।६६
८५ औं महिनादेखि ९६ औं महिनासम्म	१०।१६	५।८१
९७ औं महिनादेखि सम्झौता अवधिसम्म	१०।४२	५।९५

माथि जेसुकै लेखिएको भएता पनि व्यापारिक उत्पादन शुरु हुनु पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनमा उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा विद्युत उर्जा खरीद दर निम्नानुसार वार्षिक मूल्य बृद्धि दिई कायम गरिनेछ ।

(क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।

(२) सम्झौता अवधि ३० वर्ष सम्म रहनेछ ।

(३) संशोधित उत्पादन शुरु हुनु पर्ने मिति Required Commercial Operation Date (RCOD) २०७७/०९/१५ रहेको छ । हालसम्म लम्बाने सवस्टेसन देखि मिर्चैयासम्म नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नुपर्ने प्रसारण लाइन सम्पन्न नभइसकेको, कोभिड १९ को कारणले निर्माण सामाग्री आपूर्ति र निर्माणमा ढिलाई हुनु तथा समय–समयमा सडक अवरुद्ध भई निर्माण सामाग्री ढुवानी ढिलो भएकोले RCOD को म्याद थपको लागि सम्बन्धित निकायमा निवेदन दिईसकिएको छ र संशोधनको प्रक्रियामा रहेको छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

(क) नेपालका विभिन्न भागमा रहेका नदी, नाला, ताल, तलैया, झरना र खोलाहरुबाट जलविद्युत उत्पादन, बिक्री गर्ने ।
(ख) जलविद्युत उत्पादन सम्बन्धमा सम्भाव्यता अध्ययन, अनुसन्धान सम्बन्धी कार्य गर्ने गराउने ।
(ग) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोताहरुबाट विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने ।
(घ) विद्युत उत्पादनसंग सम्बन्धित विषयहरुमा परामर्श सेवा उपलब्ध गर्ने गराउने ।
(ङ) विद्युत उत्पादन तथा प्रशारणको लागि सिभिल, इलेक्ट्रो मेकानिकल एवं प्रशारण तथा वितरण लाईन निर्माण सम्बन्धी सामान तथा औजार उपकरणहरुको आपूर्ति बिक्री वितरण गर्ने गराउने ।
(च) विद्युत आयोजनाहरुको विभिन्न स्ट्रक्चर तथा प्रशारण एवं वितरण लाईन र सब–स्टेशनहरुको सञ्चालन एवं संभार कार्य गर्ने ।
(छ) समान उद्देश्य भएका अन्य कम्पनी तथा संस्थाहरुसंग संयुक्त रुपमा विद्युत उत्पादन, प्रशारण सम्बन्धी कार्य गर्ने तथा त्यस्ता संस्थाहरुमा लगानी गर्ने ।
(ज) जलविद्युत उत्पादनको लागि सरकार, सार्वजनिक निकाय तथा कम्पनीबाट निष्कासन भएको ऋणपत्र, बचतपत्र, म्युचुअल फण्ड, धितोपत्रहरुमा लगानी गर्ने गराउने ।
(झ) जलविद्युत क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने गराउने ।
(ञ) जलविद्युत क्षेत्रमा स्वदेशी तथा विदेशी प्रशिक्षक तथा विशेषज्ञहरुको संलग्नतामा गोष्ठी, सेमिनार सभा सम्मेलन आयोजना गर्ने गराउने ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पुँजी रु.३,५०,००,००,०००/- (अक्षेरपी तिन अर्व पचास करोड मात्र) को १० प्रतिशत अर्थात ३५,००,००० कित्ता उद्योग प्रभावित क्षेत्र सोलुखुम्बु जिल्लाका वासिन्दाहरुको लागि र सर्वसाधारणहरुमा जारी पुँजीको २० प्रतिशत अर्थात ७०,००,००० कित्ता शेयर सार्वसाधारणमा निष्काशन गरी कम्पनीको पुँजी पुऱ्याउने यसको मुख्य उद्देश्य रहेको छ । निष्काशनबाट प्राप्त रकम परियोजनाको कर्जा भुक्तानी तथा परियोजनाको ठेकेदारहरुलाई भुक्तानीका लागि प्रयोग गरिने मुख्य उद्देश्य रहेको छ ।

७. कम्पनीको पुँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पुँजी : कम्पनीको अधिकृत पुँजी रु.३,५०,००,००,०००/- (तीन अर्व पचास करोड रुपैया) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१००/- दरका ३,५०,००,०००/- (तीन करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

जारी पुँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पुँजी रु.३,५०,००,००,०००/- (तीन अर्व पचास करोड रुपैया) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००/- दरका ३,५०,००,०००/- (तीन करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

चुक्ता पुँजी : कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.२,४५,००,००,०००/- (अक्षेपी दुई अर्व पैतालिस करोड) हुनेछ । सोलुखुम्बु जिल्लाका स्थानीय वासिन्दाका निमित्त छुट्टाइएको रु.३५,००,००,०००/- (अक्षरेपी पैतिस करोड रुपैया) रकम बराबरको रु.१००/(अंकित दरको ३५,००,००० (पैतिस लाख) किता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पुँजी रु.२,८०,००,००,०००/- (अक्षरेपी दुई अर्व असी करोड) हुनेछ । उक्त शेयर निष्काशन पश्चात सर्वसाधारण (कर्मचारी तथा सामुहिक लगानी कोष समेत) का लागि छुट्याइएको शेयर ७०,००,००० किता निष्काशन पश्चात् कम्पनीको चुक्ता पुँजी रु.३,५०,००,००,०००/- (अक्षरुपी तिन अर्व पचास करोड रुपैया) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पुँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछः

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकमा (रु.)	पुँजी संरचना	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनी	२,४५,००,०००	२,४५,००,०००/-	७०%	शत प्रतिशत
ख	सोलुखुम्बु जिल्लाका स्थानीय वासिन्दा र सर्वसाधारण (कर्मचारी तथा सामुहिक लगानी कोष सहित)	१,०५,००,०००	१०५,००,००,०००/-	३०%	-
	जम्मा	**३,५०,००,०००**	**३,५०,००,००,०००/-**	**१००%**	

नोट : स्थानीय र सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

९. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रिय्ता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव
१	श्री सागर पाठक का.म.पा.-१६, काठमाण्डौ	संस्थापक	२२	नेपाली	५,२५,०००	अध्ययनरत	विद्यार्थी
२	श्री सावित्री अधिकारी का.म.पा.-१६, काठमाण्डौ	संस्थापक	४४	नेपाली	५,०३,३३४	प्रविणता तह	गृहिणी
३	श्री अनुपमा थापा बुढानिलकण्ठ नगरपालिका-७, काठमाण्डौ	संस्थापक	३८	नेपाली	५,००,०००	स्नातक तह	गृहिणी
४	श्री शुसिल थापा बुढानिलकण्ठ नगरपालिका-७, काठमाण्डौ	संस्थापक	४३	नेपाली	४,९१,५२६	वि.एस.सी.	कार्यकारी निर्देशक : नर्या प्रकाशन प्रा.लि., संचालक : लिवर्टी ईनर्जी कम्पनी लि., संचालक : इनर्जी इन्जिनियरिङ्ग कम्पनी लि.
५	श्री हिम प्रसाद पाठक का.म.पा.-१६, काठमाण्डौ	संस्थापक	४४	नेपाली	४,७३,२००	वि.ए.	संचालक : साउथ वेष्टर्न स्टेट कलेज, पूर्व अध्यक्ष : रु रु जलविद्युत परियोजना लि.
६	श्री सौर्य विक्रम थापा बुढानिलकण्ठ नगरपालिका-७, काठमाण्डौ	संस्थापक	१३	नेपाली	४,६३,४७४	अध्ययनरत	विद्यार्थी
७	श्री कैलास प्र. सिरोहिया का.म.पा.-४, काठमाण्डौ	संस्थापक	५८	नेपाली	४,००,०००	स्नातक तह	अध्यक्ष तथा प्रबन्ध निर्देशक : कन्तिपुर मिडिया ग्रुप
८	श्री महेन्द्र कुमार गिरी झापा शनिअर्जुन-४	संस्थापक	५१	नेपाली	३,५६,०००	वि.कम.	कार्यकारी निर्देशक : सहारा नेपाल, संचालक : राष्ट्रिय सहकारी बैंक लि., राष्ट्रिय परामर्शदाता : ह्यम्यानिटी नेपाल, उपाध्यक्ष: जिल्ला सहकारी संगठन झापा, संचालक : मनमोहन हस्पिटल झापा
९	श्री किरण देवी अग्रवाल का.म.पा.-९, काठमाण्डौ	संस्थापक	५७	नेपाली	३,००,०००	एस.एल.सी.	गृहिणी

संचालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रिय्ता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव: सम्बन्धित	अनुभव: अन्य	प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
१	श्री हिम प्रसाद पाठक का.म.पा.-१६, काठमाण्डौ	अध्यक्ष	४४	नेपाली	४,७६,२००	वि.ए.	- पूर्व अध्यक्ष : रु रु जलविद्युत परियोजना लि. (७ वर्ष) - पूर्व अध्यक्ष : साहस बचत तथा ऋण सहकारी संस्था लि. (९ वर्ष)	- संचालक : साउथ वेष्टर्न स्टेट कलेज (१० वर्ष)	भएको
२	श्री शुसिल थापा बुढानिलकण्ठ नगरपालिका-७, काठमाण्डौ	प्रबन्ध संचालक	४३	नेपाली	४,९१,५२६	वि.एस.सी.	- संचालक : लिवर्टी ईनर्जी कम्पनी लि. (६ वर्ष) - संचालकः इनर्जी इन्जिनियरिङ्ग कम्पनी लि. (७ वर्ष)	- कार्यकारी निर्देशक : नर्या प्रकाशन प्रा.लि. (१२ वर्ष)	
३	श्री मुक्तिराम पाण्डे का.म.पा.-१६, काठमाण्डौ	संचालक	६०	नेपाली	१,५०,०००	वि.ए.	-	- पर्यटन क्षेत्रमा २५ वर्ष भन्दा बढीको अनुभव - अध्यक्ष : सम्राट टुअर्स एण्ड ट्रावल्स प्रा.लि. - अध्यक्ष : होटल त्याङ्डमार्क पोखरा - अध्यक्ष : त्याङ्डमार्क फरेस्ट पार्क चितवन - संचालक : मेगा बैंक नेपाल लि. (७ वर्ष)